केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२७/०६७/६८

मितिः २०६८/२/२६

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयमा देहाय बमोजिमको नीतिगत व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. **तरलता व्यवस्थापन गर्ने प्रयोजनको लागि पुनरकर्जा**

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई तरलता व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ को उपदफा (१) बमोजिम देहायको शर्त तथा मापदण्डको अधिनमा रही पुनरकर्जा सुविधा उपलव्ध गराउन सकिनेछ।

**शर्त तथा मापदण्डहरु :**

(१) तरलता व्यवस्थापनको लागि पुनरकर्जा सुविधा प्राप्त गर्नका लागि बैंक तथा वित्तीय संस्थाले आफ्नो वित्तीय स्थिति खुलाई यस बैंकले तोकिदिएको ढाँचामा निवेदन दिनु पर्नेछ। (सम्बन्धित अनूसुचीहरु १ देखि ४ यसै साथ संलग्न छन्)

(२) यस्तो पुनरकर्जा सुविधा बैंक तथा वित्तीय संस्थाको प्राथमिक पुँजीको बढीमा ६० प्रतिशतसम्म प्रदान गरिनेछ। यस प्रयोजनको लागि हाल उपयोग भइरहेको साधारण पुनरकर्जालाई समेत समावेश गरी कर्जा सीमा निर्धारण गरिनेछ।

(३) यस्तो पुनरकर्जा सुविधा असल कर्जाको धितोमा बढीमा ८० प्रतिशतसम्म प्रदान गरिने छ। सुरक्षणस्वरुप दिइएको धितो सुरक्षणमा यस बैंकको पहिलो दावी (First Charge) रहनेछ। यस्तो धितोमा रहने कर्जा विगत छ महिनादेखि असल वर्गमा रही पुनरकर्जा अवधिसम्मको भुक्तानी अवधि कायम रहेको हुनु पर्नेछ।

(४) यस्तो पुनरकर्जा सुविधा बढीमा १२० दिनको लागि उपलव्ध गराइनेछ। यस पुनरकर्जाको व्याजदर बार्षिक ७.० प्रतिशत कायम गरिएकोछ। पुनरकर्जा बापतको कर्जाको साँवा भुक्तानी गर्दाको बखतमा साँवा र ब्याज भुक्तान गर्नु पर्नेछ। तोकिएको अवधिभित्र सावाँ/ब्याज भुक्तानी नगरेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले सो अवधिमा प्रकाशित गरेको कर्जा तथा सापटको अधिकतम ब्याजदर नै पेनाल ब्याजदर कायम गरिनेछ। यस बैंकले ऋणी बैंक वा वित्तीय संस्थाको कुनै पनि खाता खर्च (Debit) गरी रकम असुलउपर गर्नेछ।

(५) यस्तो पुनरकर्जा सुविधा उपयोग गर्ने सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णयको प्रतिलिपी निवेदनसाथ संलग्न गरी यस बैंकलाई उपलब्ध गराउनु पर्नेछ।

(६) यस बैंक र पुनरकर्जा सुविधा उपयोग गर्ने बैंक तथा वित्तीय संस्थाले पुनरकर्जा सुविधा

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

सम्बन्धी तमसुकमा हस्ताक्षर गर्नु पर्नेछ ।

(७) यस्तो पुनरकर्जा सुविधामा तोकिएको भुक्तानी अवधि अघि नै पूर्व-भुक्तानी (Prepayment) गर्न सकिने छ ।

(८) यस्तो पुनरकर्जा उपयोग गर्ने बैंक तथा वित्तीय संस्थाले तरलता व्यवस्थापन सम्बन्धी कार्ययोजना १५ दिनभित्र यस बैंकमा पेश गर्नु पर्नेछ ।

२. **अन्तरबैंक कारोवार**

यस बैंकबाट जारी एकीकृत निर्देशन, २०६७ को निर्देशन न. ९ को बुँदा नं. २ मा उल्लेखित व्यवस्थालाई संशोधन गरी देहायको व्यवस्था लागू गरिएकोछ ।

"यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका बैंक र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरुले अन्तर बैंक कारोवार (Interbank transaction) सम्बन्धी निर्देशन फा.नं.९.१३ बमोजिमको प्रत्येक दिनको कारोवार विवरण सोही दिन कार्यालय समयभित्र यस विभागको इमेल ठेगाना nrbkibor@nrb.org.np मा पठाउनु पर्नेछ । कारोबार नभएमा समेत सोही व्यहोरा उल्लेख गरी पठाउनु पर्नेछ ।"

भवदीय,

पूर्ण बहादुर खत्री
का. मु. कार्यकारी निर्देशक

**बोधार्थ :**
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।